नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
**अध्यागमन कार्यालय त्रि.अ.वि.**
प्रशासन, समन्वय तथा सहजीकरण शाखा

फोन नं. ०१-४११३०४५
फ्याक्स नं. ०१-४११३०९०
गौचर, काठमाडौं

प.स. ०७८।०७९
च.नं ६६२१

मितिः २०७८।१०।०३

विषयः कार्यालय समयमा व्यक्तिगत मोबाइल सेवा प्रयोग नगर्ने/नगराउने ।

श्री बरिष्ठ अध्यामन अधिकृत सबै ।
अध्यागमन कार्यालय, त्रि.अ.वि. ।

अध्यागमन कार्यालयमा समसामियक सुधार गर्ने सम्बन्धमा गृह मन्त्रालय र अध्यगामन विभागसँगको समन्वय र छलफलबाट प्राप्त निष्कर्ष एवं मैखिक निर्देशानुसार प्रस्थान कक्ष र आगमन कक्षमा निम्न अनुसार निर्देशन पालना गरी मोबाइल सेवालाई व्यवस्थित, प्रभावकारी र कार्यालय समयमा कार्यालयको काममा मात्र केन्द्रित गर्ने गराउने व्यवस्था हुन अनुरोध छ ।

तपसिल

१. कार्यालय समयमा DO र AO कक्षमा ल्याण्डलाइन र अफिसियल मोबाइल मात्र प्रयोग गरी अध्यागमनको काम गर्ने ।

२. उक्त कार्य भए नभएको बरिष्ठ अध्यागमन अधिकृत र DO बाट अनुगमन गरी मोबाइलको व्यक्तिगत प्रयोगको मात्रालाई नियन्त्रण र नियमन गर्ने । अत्यावश्यक काम परेमा बरिष्ठ अध्यागमन अधिकृतको जानकारीमा ल्याई स्वीकृत भएपछि प्रयोग गर्ने ।

३. सम्पूर्ण व्यक्तिगत मोबाइल आफ्नो लकर वा सम्बन्धित कक्षको DO र AO को नियन्त्रणमा राखी व्यवस्थापन गर्ने ।

४. प्रशासन शाखाले DO र AO लाई आवश्यक परी माग भएमा अफिसियल सिम र मोबाइलको व्यवस्था गरिदिने ।

५. अध्यागमन डेस्क अफिसर बाहेक कार्यालय समयमा बरिष्ठ अध्यागमन अधिकृत र DO एवं AO ले समन्वय, सहकार्य र अध्यागमनको काम कारवाही एवं नियमन गर्न व्यक्तिगत वा सरकारी फोन प्रयोगमा ल्याउन सक्नेछ ।

(पुष्पराज शाही)
प्रमुख अध्यागमन अधिकृत

<u>बोधार्थ</u>

श्री गृह मन्त्रालय, सुरक्षा तथा समन्वय महाशाखा, सिंहदरवार ।
श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं ।